१२५ अ

आज मिति २०७८ साल असार २५ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री जगत बहादुर बस्नेत, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन (वडा नं. ४ को सहयोगी)
श्री मानबहादुर ठाडा, लेखा अधिकृत
श्री कुल बहादुर खड्का, ना.सु.
श्री खगेन्द्र नगाल
श्री लक्ष्मण सिंह - कम्प्युटर सहयोगी

Scanned with CamScanner

**निर्णय नं. १ :** यस भेरीगंगडा नगरपालिकाको आ.व. २०७७।०७८ सालका. सम्पन्न हुन बाँकी वडास्तरीय योजना सम्बन्धित वडामै निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाबाट आ.व. २०७७।०७८ सालमा मालिका तथा साहारा निर्माण सेवाले आफ्नो र भेरीगंगा नगरपालिका बीचमा विभिन्न मितिमा सम्झौता भए बमोजिमको ढुंगा, गिट्टी लगायतका नदीजन्य वस्तु सम्बन्धी दोहोरो सम्झौता वमोजिमको परिमाण उठाउने क्रममा रसिद नं. १०१ देखि १२०० सम्म ट्याक्टरबाट २,०९६ घ.मि. र टिप्परबाट ९५६ घ.मि. तथा रसिद नं. ३००१ देखि ४००० सम्म ट्याक्टरबाट १,५४१ घ.मि. र टिप्परबाट २,१६४ घ.मि. गरी जम्मा ६,७५७ घ.मि. उठेको र उक्त दुवै ठेक्कावाट नगरपालिकासँग भएको दोहोरो सम्झौता बमोजिमको २१,८४९।७७ घ.मि. उठाउन बाँकी रहन गएको भनी सम्बन्धित निर्माण व्यवसायीले निवेदन पेश गरेको साथै उक्त व्यवसायीले नगरलाई असार मसान्तसम्म बुझाउनपर्ने रकम रु.४०,९७,४५७।८६ समेत बुझाएको नदेखिएको हुँदा उक्त रकम समयमै बुझाउने गरी राजस्व शाखाबाट पत्राचार गर्ने, उठाउन बाँकी रहेको परिमाण कोभिड-१९, कोरोना भाइरस दोस्रो चरणको मिति २०७८।०१।१७ देखिको बन्दाबन्दीको कारणबाट २०७८ जेठ मसान्तसम्ममा उठाउन बाँकी रहेको परिमाण निकासी भएको परिमाणको रसिदको ठेली सम्बन्धित निर्माण व्यवसायीसँग मागी राजस्व शाखाबाट परिमाण यकिन गर्न लगाउने र निजले माग गरे अनुसारको परिमाण उठाउन बाँकी देखिएमा उक्त निर्माण सेवाहरुलाई प्रचलित कानून बमोजिम हुनेगरी २०७८ असोज ३० गतेसम्ममा भेरी नदि किनारबाट मात्र उठाउन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिकाको वडा नं. २ मा कार्यालय सहयोगी श्री राम बहादुर वुढा अनिवार्य अवकाश भएकोले निजले नियमानुसार पाउने रकम भुक्तानी दिने निर्णय गरियो । साथै उक्त वडा कार्यालयमा स्वंयसेवकको रुपमा कार्यालय सहयोगीको कामकाज गर्दै आउनुभएका व्यक्तिलाई वडा कार्यालयको सिफारिस बमोजिम जेठ १५ देखि लागु हुनेगरी टोप बहादुर घर्ती मगरलाई तत्कालको लागि काम चलाउन २०७८ असार मसान्तसम्मको लागि पछि प्रक्रियागत रुपमा सेवा करारमा लिनेगरी हाल दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाको संस्थागत क्षमता स्व:मूल्यांकन (LISA) को नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिकाको वडा नं. १, २, ३ को हालसम्म मालपोत कार्यालयको कामकाज वीरेन्द्रनगर सुर्खेतबाट हुँदै आएकोमा अब उप्रान्त मालपोत कार्यालय मेहलकुना मार्फत गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो । साथै मालपोत कार्यालयको च.नं ४४२०, मिति २०७८।०३।०३ गतेको पत्रबाट माग भएको दररेटको सम्बन्धमा समितिको निर्णय बमोजिम अघि बढाउनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं ६ : यस भेरीगंगा नगरपालिकाबाट निर्माण भएका दुई वटा झोलुङ्गे पुलहरूको भुक्तानी दिन बाँकी रकम रु.६९,३७९८।८८ हरे मनिरामकोडा सडक शिर्षकबाट भुक्तानी दिन निर्णय गरियो।

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिकाबाट १५ शैयाको अस्पताल निर्माणका लागि कार्यसूची प्रकाशन भएको उक्त कार्यसूची स्वीकृत गर्ने साथै उक्त १५ शैया अस्पतालको सम्पन्न विस्तृत परियोजना प्रतिवेदनको नपुग रकम सम्बन्धित पार्टीलाई भुक्तानी दिन सेयरी पुँजीगत शिर्षक वा अन्य बचत जुनसुकै शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकामा खरको छानाको विस्थापित गर्ने संघीय योजना अनुरूप प्राप्त रु.३१,९०,०००।- को सम्बन्धमा तपसिल बमोजिमको संख्या निर्धारण गरी वडामा विभाजन गर्ने निर्णय गरियो। साथै प्राप्त भएको रु.३१ लाख ९० हजार रकम आ.व. २०७७।७८ मा यस नगरपालिकामा प्राप्त २५० जनालाई दामासाहीले खातामा जम्मा गरिदिने र सो सम्बन्धमा स्थलगत अनुगमन एवं प्रतिवेदन प्राप्त भएपछि रोक्का खाता फुकुवा गरिदिने निर्णय गरियो।

| वडा नं. | जम्मा घरधुरी | कैफियत |
|---|---|---|
| १ | २५ | |
| २ | ८५ | |
| ३ | ११ | |
| ४ | ६ | |
| ५ | १५ | |
| ६ | ११ | |
| ७ | ३ | |
| ८ | ३ | |
| ९ | ८ | |
| १० | २५ | |
| ११ | १५ | |
| १२ | १८ | |
| १३ | २५ | |
| जम्मा | २५० घरधुरी | |

निर्णय नं. ९ : सुर्खेत नेत्रहिन संघले आफ्नो संस्थालाई भवन निर्माणको लागि यस भेरीगंगा नगरपालिकाभित्र जग्गा उपलब्ध गराइदिन मिति २०७८।०३।१२ गतेको पत्रबाट अनुरोध गरेकोमा सो सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. १२ स्थित भेरीगंगा JCI को जग्गासँग जोडिने गरी ९ मिटर चौडाई र २५ मिटर लम्बाई भएको जग्गा प्रचलित कानूनी प्रावधान बमोजिम संस्था स्वंयमले भर्ने गरी उक्त जग्गा उपलब्ध गराइदिन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. १० :** यस नगरपालिकाको विज्ञापन कर सम्बन्धमा मिति २०७६।०४।१८ गते यस कार्यालयको प्रशासन शाखाबाट सुर्खेतपत्र दैनिकमा प्रकाशित विज्ञापन कर संकलन सम्बन्धमा ३ वटा फर्महरुमध्येबाट सबैभन्दा बढी रकम कबोल गर्ने आकृति एड्भरटाइजिङ्ग विराटनगर - ४ मोरङ संग विगतमा आ.व. २०७६।०७७ देखि २०७८।०७९ सम्मको लागि सम्भौता भएकोमा राजस्व शाखाबाट मिति २०७७।०७।२३ मा श्री ऋतिक मिडिया प्रा.लि. कुपण्डोल ललितपुरसंग सम्भौता हुन गई फरक परेको हुँदा यस सम्बन्धमा पहिलो सम्भौता भएको आकृति एड्भरटाइजिङ्गलाई आ.व. २०७८।०७९ सम्ममा निरन्तरता दिने र पछिल्लोपटक सम्भौता भएको श्री ऋतिक मिडिया प्रा.लि. कुपण्डोल ललितपुरलाई आगामी आर्थिक वर्षमा गर्ने गरी हाललाई प्रशासन शाखाबाट सम्भौता भएको फर्मलाई पछिल्लो एक आ.व.को लागि निरन्तरता दिने निर्णय गरियो ।

Scanned with CamScanner